# जातीय संस्थाले उठाएको राजनैतिक मुद्दा र किरात राई यायोक्खा[1]


**मन्जु राई**

<manzoosotang123321@gmail.com>



## लेखसार

*प्रस्तुत लेख जातीय संस्थाले उठाएको राजनैतिक मुद्दा र किरात राई यायोक्खाले छैठौँ महाधिवेशनबाट विधान सम्मत अघि बढाएको राजनैतिक मुद्दामा केन्द्रित रहेको छ । किरात राई जाति नेपालमा आदिम कालदेखि नै बसोबास गर्ने प्रमुख जाति मात्रै नभई नेपालमा लामो समयसम्म शासन सञ्चालन गर्ने जाति हो । तथापि विभिन्न समयमा घटेका  राजनीतिक घटना क्रमसँगै बिस्तारै राजनीतिक, सामाजिक अन्य कुरामा बहिस्कृत हुँदै दोस्रो दर्जाको नागरिक जस्तै बन्न पुग्यो जसले गर्दा उनीहरूको भाषा, धर्म, संस्कार संस्कृति पनि अतिक्रमणमा पऱ्यो । अतिक्रमणमा परेका यी सबै कुराहरूलाई संरक्षण र सम्बर्द्धन गर्नका निम्ति किरात राई यायोक्खा स्थापना भएको हो । समयक्रमसँगै सामाजिक मुद्दामा मात्र होइन, राजनैतिक मुद्दामा बहस सुरु गर्नुपऱ्यो भन्ने विषयको खोजी गर्नु यो लेखको उद्देश्य रहेको छ । यस आलेखमा गुणात्मक विधिअर्न्तगत विश्लेषणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । प्राथमिक स्रोतको रूपमा यस विषयसँग सरोकार राख्ने व्यक्ति, अनुसन्धानकर्ताहरूसँग लिएको अन्तर्वार्ता र छलफलका निस्कर्षहरू, विभिन्न सभा सम्मेलनमा व्यक्त विचार र द्वितीयक स्रोतको रूपमा किरात राई यायोक्खाको विधान, मुखपत्रहरू, साथै विभिन्न राजनैतिक दलहरूको विधान दस्ताबेजलाई आधार लिइएको छ । राजनीतिक इतिहासको विभिन्न कालखण्ड र गोर्खा राज्य बिस्तारले आफ्नो मौलिक भाषा, धर्म, संस्कार संस्कृति र राजनैतिक थिचोमिचोबाट सम्पूर्ण किरात राई जातिहरूको सांस्कृतिक, सामाजिक, राजनीतिक, शैक्षिक र प्रशासनिक पहुँच स्थापित गर्न आवश्यक भएकाले किरात राई यायोक्खाले राजनीतिक मुद्दा उठाउन जरुरी देखिन्छ भन्ने यो लेखको निष्कर्ष रहेको छ ।*



**शब्दकुञ्जी :** किरात राई यायोक्खा, राजनैतिक मुद्दा, सीमान्तकृत समूह, पहूँच ।


## विषयपरिचय

नेपालीमा अर्थिएको 'जात' र 'जाति' को बेग्लाबेग्लै सामाजिक वनोट हुन्छ । 'जात' वर्ण तथा गोत्र र 'जाति' थलो भाषा र संस्कारबाट छुट्टिने हुन्छ तर आजभोलि 'जाति' लाई 'जनजाति' शब्दले वढी सम्बोधन गरिएको पाइन्छ । अथवा 'जात' भन्नाले वर्णाश्रम मान्ने समुदायहरू र 'जनजाति' भन्नाले अन्य जातिहरू वुझाउँछ । 'जाति' को ठाउँमा 'आदिवासी जनजाति' शब्द स्थापित भएको छ ।

---

१ यो लेख समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिको लागि गरिएको शोधप्रवन्धमा आधारित छ ।

प्रो.मणिकलाल श्रेष्ठ (२०६४) ले आदिवासी/जनजातिबारे स्थापित मान्यताअनुसार अधिकार खोसिएका भूमिपुत्रहरूको अधिकारबारे विश्वको ध्यान आकर्षित गरेका अमेरिकाका आदिवासी (रेड-इण्डियनहरू) वा अष्ट्रेलिया, न्यूजिल्याण्ड महादेशका आदिवासीहरूलाई indiginious वा autochthonous community मात्र भन्ने (वा रैथाने जाति) प्रचलन छ, तर यही (नेपाल) को स्थितिमा 'आदिवासी' र 'जनजाति' भनी दुईवटा शब्द प्रयोग गरिन्छ ।

आदिवासी जनजातिको पहिचान भन्नाले राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४ को धारा २ को उपधारा (ख) मा "जनजाति" भन्नाले सामान्यतया आफ्नै मौलिक भाषा र संस्कृति भएका, सामाजिक विकासका दृष्टिले अन्य जातिभन्दा पछि परेका अनुसूचि ८१ मा संलग्न जनजातिहरू, सरकारले समयसमयमा नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिएका जाति वा समुदाय सम्झनु पर्दछ । त्यसैगरी नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार "आदिवासी जनजाति भन्नाले ती जाति वा समुदायलाई बुझाउँछ जसको आफ्नो मातृभाषा भएको, परम्परागत रीतिरिवाज मान्दै आएको, सांस्कृतिक पहिचान भएको, छुट्टै सामाजिक पहिचान भएको र लिखित वा अलिखित इतिहास भएको हुनुपर्ने छ ।

नेपालमा किरात राईहरूको बसोबास प्राचीन समयदेखि नै रहँदै आएको पाइन्छ । त्यसैले किरात जातिहरू नेपालका आदिवासी जाति नै हुन् भन्ने कुरा निर्विवाद छ । किरात जातिहरूले प्राचीन नेपालको काठमाण्डौं उपत्यका क्षेत्रमा सयौँ बर्षसम्म शासन गरेका थिए भने नेपाल एकीकरण पूर्वकालीन समयसम्म पूर्वीय क्षेत्रमा स्वतन्त्रपूर्वक शासन सञ्चालन गर्ने जाति पनि किरात नै थिए । सभ्यताको क्रममा उनीहरूले छोडेका अनेकौँ पदचिन्हहरू अझैं किराती भूमिहरूमा भग्नावशेषका रूपमा रहेको कुरा गढीहरूलाई लिन सकिन्छ । अहिलेसम्म कतिपय स्थाननाम (ठाउँ) को नाम किराती भाषामा रहेको र हालसम्म त्यो नाम जीवित हुनुलाई पनि प्रमुख आधार मान्न सकिन्छ ।

गोरखा राज्य विस्तारको क्रममा विभिन्न क्षेत्र र समुदायलाई सिङ्गो राजनीतिक एकाइभित्र आबद्ध गर्दै जुन दिन शाह वंशीय निरङ्कुश राजतन्त्रको सुत्रपात भयो त्यसै दिनवाट सामाजिक, सास्कृतिक, भाषिक, धार्मिक बहुलताको वास्तविकतालाई राजकीय स्तरवाट नकार्ने क्रम सुरु भयो । एकातिर राजाको महावाणीको रूपमा 'चार वर्ण छत्तिस जातको फुलवारी' को आर्दशको वखान भने अत्याधिक गरिन्थ्यो तर अर्कोतिर खस संस्कृति, खस भाषा, हिन्दुधर्मको आधारमा साम्प्रदायिक एकाधिकार तथा जातीय अहङ्कारपूर्ण व्यवहारलाई राज्यको नीतिका रूपमा निरन्तरता दिइएको थियो । यसरी नेपालका आदिवासी जनजातिको आफ्नो मौलिक, भाषा, धर्म, संस्कार संस्कृतिलाई यो देशमा सँधै दोस्रो दर्जाको रूपमा रहनु पर्‍यो ।

राणाशासन समाप्त हुनुमा तत्कालीन माझकिरातका जननायक रामप्रसाद राई, नारदमुनी थुलुङलगायत थुप्रै योद्धाहरूको महत्त्वपूर्ण योगदान रहेको थियो । त्यसपछिको व्यवस्थालाई प्रजातन्त्र भनियो । प्रजातन्त्र नेपालका प्रधानमन्त्री मातृका प्रसाद कोइरालाद्वारा विमोचित (गोर्खा भाषा प्रकाशिनीका सभापति राममणी आचार्य दीक्षितको उक्त 'भलो कुराको नमुना' शीर्षक' कविताको एक अंश हेरौँ :

"जङ्गली, स्वाठे, पाखे, तिघ्रे, भुसतिघ्रे, डोके, खर्पनेको देश हो नेपाल

भगवान यो यस्तै राखिदेऊ
यिनीहरू सभ्य र शिक्षित भए हाम्रो सिरिखुरी कँहा जाला ?
मन्त्रिमण्डल जोड्दा बाहुनक्षेत्री लिनु, त्यो पनि उच्चकुलको मतवाली कोहि नहाल्नु’

यसरी किराती जनताको चाहना र योगदानलाई राज्यसत्तामा हुनेले उपेक्षा गरेको प्रस्ट हुन्छ । मतवाली वा जनजातिलाई शिक्षा तथा सरकारी ओहदामा पुग्न नदिन भनेर कवितामा सम्म उल्लेख गरिनुले यो देशको शासक र शासितबिचको खाडल झन् गहिरिँदै गएको देखिन्छ ।

समग्रमा भन्नुपर्दा किरात एक इतिहास हो, किरात सभ्यता हो, किरात भूगोल हो । तसर्थ पहिचानसहितको किरात स्वायत्त राज्यको माग नै सम्पूर्ण किरात राईहरूले आजको आवश्यकता ठान्दछन् । आफ्नो अधिकारलाई स्थापित गर्नका लागि पनि किरात राई यायोक्खाले राजनैतिक मुद्दालाई आत्मासात् गर्नु आवश्यक छ । यस लेखमा निम्न प्रश्नहरूको उत्तरको खोजी गरिएको छ ।

- जातीय संस्थाले बोकेको राजनैतिक मुद्दाको पृष्ठभूमि के हो ?
- किन किरात राई यायोक्खाले राजनैतिक मुद्दामा प्रवेश गर्नु पऱ्यो ?

## अध्ययनविधि

यो अध्ययन किरात राई यायोक्खाको मूल मुद्दाको रूपमा रहेको किरात प्रदेश प्राप्तिका निम्ति प्रस्तावित कार्यपत्र, विभिन्न छलफलको निचोड, किरात समुदायका विभिन्न व्याक्तित्वहरू, किरात स्वायत्त राज्यका अभियन्ताहरूको अन्तर्वार्ता, विभिन्न गोष्ठी, पत्रपत्रिकामा छापिएका लेख रचना, भाषण, सभा सम्मलेन, सडक आन्दोलन आदिमा अध्ययन केन्द्रित रहेको छ ।

### राजनैतिक मुद्धाको आरम्भ र पहिचानको सवाल

नेपालको प्रशासनिक ढाँचा पहिलोपल्ट किराती युगमा नै स्थापित भएको बुझिन्छ । कुथेर, सुल्ल, लिङग्वाल, पिन्टजा आदि अड्डाहरू किरातीकालमा नै स्थापित थिए । त्यसवेलाको शासनप्रणाली राजतन्त्रात्मक व्यवस्थमा आधारित थियो (न्यौपाने २०००) । एकिकरण पूर्व नेपाल विभिन्न राज्य वा गणराज्यमा विभाजित थियो । यो राज्य गणराज्यहरू जुट्ने र फुट्ने क्रमवाट गणका राज्यहरू हराउँदै गएर सामान्ती राज्यहरू अस्तित्वमा आए । यसैक्रममा किरात गणराज्य यलखोम, थारू गणराज्य कोलीय, ब्रात क्षत्रिय लिच्छविहरूको गणराज्य विदेह आदिको पुनर्गठन भएर सङ्क्रमणशील सामान्ती राज्यहरू अस्तित्वमा आए । अस्थिर सिमाना, अनिश्चित अस्तित्व र निरन्तरको सङ्क्रमणमा रहेका यी सामान्ती राज्यहरूमध्ये बाईसे र चौबिसे राज्यमा टुक्रिएको खसान क्षेत्रकै गोरखा राज्यको सैन्यशक्ति, नेतृत्व र राज्य व्यवस्थापनको कौशलका कारणले एकपछि अर्का सामन्ती राज्यहरू हार्दै गए र गोरखा राज्यमा विलय हुँदै गए । गोरखा राज्यको यो सैन्य अभियान वास्तवमा राष्ट्रिय एकिकरण अभियान होइन, पूर्णता सहितको सामन्ती धर्मतन्त्रात्मक राज्य निर्माणको लागि छिमेकी सामन्ती राज्यहरूमाथि आक्रमण गर्ने, कब्जा गर्ने र विलय गर्ने सैनिक अभियान थियो ।“ चण्डीराज राई (सन्२०००) ले उक्त पृथ्वीनारायण शाहले गरेको नेपाल एकीकरणलाई किरातीहरू भावनात्मक रूपमा एकीकरण मान्न तयार नभएको बताएका छन् । एकीकरण पछि नेपालको राजनीतिक शक्तिमा नियन्त्रण कायम गरेका

हिन्दुहरूले हिन्दु प्रभुत्वलाई निरन्तरता दिने काम गरे र त्यो प्रवृतिले अझै निरन्तरता पाइरहेको छ । आजसम्म किरात राईहरू कसैले पनि केही अपवादबाहेक सेना, पुलिस, कर्मचारी, राजनीतिक पद आदिमा उपल्लो तहको पदमा पुग्न नसकेको तथ्यले अझैँ पनि शासकहरूको किरात राईहरूप्रति हेर्ने दृष्टिकोण आजपनि मुखले बाहिर जे फलाके पनि भित्री रूपमा सङ्कीर्ण र शत्रुतापूर्ण रहेको कुरा प्रमाणित हुन्छ । यो भनाइको नजिक रहनुभएका रामचन्द्र राई (२०६४) ले "किरात राज्य र रजौटाको लागि भने पृथ्वीनारायण शाहको एकीकरण अभियान नै एकमात्र महाभारत सिद्ध भयो । एकीकरण अभियानका कारण कतिपय किरातीहरू हारेको ठाउँको पानी खानुभन्दा ठाउँ नै छाडेर इन्डियाको भागलपुरतिर गएर वसेको पाइन्छ ।" भनेर उल्लेख गरेका छन् ।

पृथ्वीनारायण शाहले आधुनिक नेपालको निर्माण गर्ने क्रममा किरात राज्यलाई नेपाल राज्यमा विलय गरेपछि किरात समुदायहरू बिच "फुटाऊ र शासन गर" को नीति अवलम्बन गरियो । जसले किरातहरूलाई क्षमता र बलका आधारमा राई, सुब्बा जस्ता पदहरू दिएर विभाजन गरियो । जसलाई सम्पूर्ण अधिकार आफ्नो हातमा रहने गरी त्यस क्षेत्रको प्राकृतिक स्रोतलगायत शासन व्यवस्थाको मालिक बनाइयो भने साधारण जनता रैतीको रूपमा परिणत भए । यसरी किरात प्रदेशमा शाहवंशीय राजाहरूले किरात राईहरूबिच फुटको राजनीति गरी केन्द्रीकृत शासन प्रणाली स्थापना गरे (राई, २०६८) । उक्त भनाइअनुसार तत्कालीन गोर्खा राज्यविस्तारका लागि गोर्खाली शासकले पूर्वका किराती राज्यलाई कब्जा गरेपछि त्यहाँको किरातीहरूबिचमा फुटाऊको नीति अपनाए जसको उद्देश्य केन्द्रीकृत राज्य स्थापना गर्नु थियो भन्ने बुझिन्छ । मल्ल के सुन्दर (२००८) ले "गोरखा राज्यको बिस्तारसँगै पूर्ववर्ती स्थानीय शासनको रूपरेखामा मात्र परिवर्तन आएन स्थानीय स्तरमा समुदायको नियन्त्रणमा रहेका ऐतिहासिक भूमि माथिको स्वामित्वको स्वरूपमा पनि फेरवदल आयो" भनेर बताएका छन् । उक्त भनाइले भौगोलिक रूपमा एक देखिए पनि सामाजिक र  भावनात्मक रूपमा सँधै टाढा रहेको महसुस किरातीहरूले गरेको पाइन्छ । राम बहादुर थापामगर (२०७१) ले "विभेदको धार्मिक परम्पराअनुसार २००७ सालको क्रान्ति सफल पार्ने क्रममा दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठलाई राणाले क्षेत्री तथा आदिवासी जनजाति भएकाले मृत्युदण्ड दिए भने रामहरि जोशी, टंकप्रसाद आचार्य आदिलाई बाहुन भएकै कारण मृत्युदण्ड दिइएन ।"  भनी उल्लेख गरेका छन् । यसले जन्मको आधारमा सजाय पनि फरकफरक भएको पुष्टि गर्दछ । यसरी आदिवासी जनजातिमाथि सामाजिक, आर्थिकसँगै कानुनी फैसला पनि विभेदपूर्ण स्थितिबाट गुज्रँदै वर्तमान आन्दोलनको कारक तत्त्वको रूपमा देखा परेको अनुभूति हुन्छ । महेन्द्र लावतीका (२०६९) अनुसार मान्छेहरू आफूलाई परेको विभेद विरूद्ध हटाउन खोज्छन् । नेपालको इतिहासमा जंगवहादुर राणाको मुलुकी ऐन र त्योभन्दा पृथ्वीनारायण शाहको तथा कथित दिव्योपदेश आदिदेखि नै जातीय वा जात पहिचानको आधारमा विभेद गरे । आदिवासी जनजातिहरूलाई उनीहरूको पहिचानको आधारमा पक्षपात गरियो । यसरी विभेद र बहिष्करण गरेर उनीहरूको पहिचानलाई दबाइएको थियो । यहीँ पहिचान नै राजनैतिक मुद्दाका रूपमा  खासगरी आदिवासी जनजातिले उठाएको सवाल हो ।

कृष्ण भट्टचन (२०५९) का अनुसार आदिवासीको पहिचान भनेको सामूहिक पहिचानको प्रश्न हो । जुन आफनो भूमि, भूभाग, प्राकृतिक स्रोतसाधन, मातृभाषा, धर्म, संस्कृति, प्रथाजन्य परम्पर ासँग जोडिएर आउँछ । आदिवासी जनजातिको पहिचान मूलतः आफ्नो पितृथलो अथवा आफ्नो

ऐतिहासिक थात्थलोसँग जोडिएर आउँछ । यसरी सामाजिक, संस्थाहरूले समय सापेक्ष ऐतिहासिक थातथलो रक्षार्थ राजनैतिक मुद्दामा प्रवेश गरेको देखिन्छ । राजनैतिक बहसको थालनीसँगै विभिन्न आन्दोलनका चरणहरूमार्फत् पहिचानसहितको सङ्घीयता सुनिश्चिताको निम्ति राजनैतिक दलसँग माग राखेको देखिन्छ । स्टालिनको भनाइलाई भोगीराज चाम्लिङ (२०६५) ले उदृत गर्दै "एउटा साझा इलाका नभएका मानिसहरू लामो समय अवधिसम्म सँगसँगै रहन सक्दैनन् । त्यसैले एउटा साझा इलाका जातिको एउटा विशिष्ट लक्षण हो ।" यसरी नै किरातीहरूको प्रमुख बसोबास वा इलाका नेपालको पूर्वी भागमा रहेको छ । जसलाई नेपाल एकीकरण पूर्व वल्लो किरात, न माझकिरात र पल्लो किरातले चिनिन्थ्यो । डा. लावती (२००४) लेख्नुहुन्छ, "आदिवासी नदी, पहाड, पर्वत, ठाउँ आदिका नामहरू व्यापक रूपमा अधिकरण भएको छ । यो प्रक्रियाले किरातीहरूको ऐतिहासिक र सामाजिक अर्थ बोकेका त्यस्ता नाम हराएसँगै आदिवासीहरूको इतिहास, रीतिरिवाज र परम्परा क्रमिक रूपमा लोप हुँदै गएको छ ।

## किरात राई यायोक्खा

"नेपाल जातीय, भाषिक, धार्मिक, सांस्कृतिक रूपले विविधतायुक्त समाज हो । नेपालमा १४२ जातजाति, १२४ मातृभाषा र १० वटा धर्म सम्प्रदायका मानिसहरू बसोबास रहेको नेपालको पछिल्लो जनगणनाले देखाएको छ । जसमा राईहरूको कूल जनसङ्ख्या ६,४०,६७४ (२.२ प्रतिशत) छ भने पुरूष ३,०८,७४३ र महिला ३,३१,९३१ छन् । समग्र नेपालको २.२ प्रतिशत किरात राईहरूको साझा एवम् गौरवशाली संस्था नै किरात राई यायोक्खा हो । नेपाल सरकारबाट सूचिकृत जनजातिहरूमध्ये किरात राई एउटा प्रमुख जाती हो । प्रकृतिपूजक किरात राईहरूको धर्म, संस्कार, संस्कृति, भाषा, साहित्य, शिक्षा, स्वास्थ्यलगायतका पक्षमा सुधारका निम्ति यो संस्था अग्रसर हुँदै आएको छ । 'किरात राई सांस्कृतिक तदर्थ समिति' को नामबाट २०४५ साउन २२ गते बाट सुरु भएको यो संस्था २०४७ भाद्र २२ र २३ मा सम्पन्न पहिलो राष्ट्रिय सम्मेलनबाट' 'किरात राई यायोक्खा' नामाकरण भयो । ' किरात राई यायोक्खा' किरात राईहरूको समग्र विषयमा छलफल गर्ने थलोको रूपमा किरात राई यायोक्खा नामाकरण भएको हो । स्थापनाका सुरूका वर्षहरूमा काठमाण्डौंमा रहेका सम्पूर्ण किरात राईहरूलाई एकजुट गराउने उद्देश्यका साथ ललितपुर नखिपोटमा पहिलो पटक किरात राईहरूको महान चाड साकेवा/साकेला/तोषको आयोजना गरेको थियो । वर्षको दुई पटक नाचिने यो सिलिले सृष्टिको थालनीसँगै मानव विकासको अहिलेको चरणसम्मलाई नाचको माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ । यसरी नै हरेक वर्ष किरात राईहरूले भव्यताका साथ साकेला, साकेवा/तोष सिलि नाच्ने उधौली र उभौलीमा धुमधाम मनाइन्छ ।

किरात राई यायोक्खाको विधानअनुसार केन्द्रीय कार्यसमितिको मातहतमा किरात राई प्रज्ञा परिषद, १६ वटा जिल्ला कार्यसमिति, ३ वटा जिल्ला तदर्थ समिति र ३०० भन्दा बढी वडा नगर कार्यसमितिहरू रहेका छन् । त्यसैअन्तर्गत १३ वटा भाषिक संस्थाहरू र ७ वटा भातृसंस्था र नेपाल बाहिर भारतको सिक्किम, दार्जिलिङ, हङकङ, जापान, बेलायत, अमेरिका, कतार, कोरिया, मलेसियालगायतका देशमा स्थायी र अस्थायी बसोबास गर्ने किरात राईहरूले किरात राई यायोक्खाको नामबाट सङ्गठित हुँदै जातीय पहिचान जोगाउन लागि परेका छन् । किरात राई यायोक्खाअन्तर्गत अहिलेसम्म १५९ जना विशिष्ट संरक्षक, ११८ जना संरक्षक र ३१०० जना आजीवन सदस्य रहेको

छ । मूल रूपमा किरात राईहरू सुनकोसी पूर्व खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, भोजपुर, सङ्खुवासभा, धनकुटा, सुनसरी, मोरङ, झापा, इलाममा सघन बसोबास र तेह्रथुम, पाँचथर, ताप्लेजुङ्गमा पनि किरात राईहरूको बसोवास रहेको छ ।

आफ्नो धर्म तथा संस्कृतिलाई कसैले पनि बिर्सनु हुन्न । यसको सुरक्षा र संरक्षण गर्नुपर्दछ भन्ने विशुद्ध सामाजिक सेवाभावले स्थापना भएको नाफारहित स्वशासित संस्था हो-किरात राई यायोक्खा । यो एउटा विशुद्ध सामाजिक संस्था भएकाले पनि यस संस्थालाई राजनीतिदेखि टाढा राख्नुपर्छ भन्ने मान्यतामा अगाडि बढेको थियो । संस्था ३३औँ वर्ष पुगिरँहदा अहिलेसम्म १२औँ राष्ट्रिय महाधिवेशन सम्पन्न भैसकेको छ । सामाजिक संस्था भए पनि किरात राई यायोक्खाले आफनो छैटौँ राष्ट्रिय महाधिवेशन दमकबाट 'किरात स्वायत्त राज्य' को मागसहित महाधिवेशन सम्पन्न गरेको थियो । जातीय बसोबासको सघनता, भाषाहरूको प्रयोगको अवस्था, धार्मिक, सांस्कृतिक समानता, ऐतिहासिक' भौगोलिक अवस्थितिलाई दृष्टिगत गरी नेपालको पूर्वीभाग १४ जिल्ला 'किरात स्वायत्त राज्य' को माग गरेको थियो ।

'जातीय सहअस्तित्व, सम्मान र मुक्तिका लागि किरात स्वायत्त राज्य' भन्ने मूल नाराका साथ किरात स्वायत्त राज्यका अभियन्ताहरू किरात राईहरूको सघन बसोबासमा विभिन्न कार्यक्रममार्फत् समयसमयमा जनचेतना, प्रशिक्षण, सभा, सम्मेलन गरी व्यापकतामा जोड दिइएको पाइन्छ । विभिन्न समयमा सम्पन्न उक्त कार्यक्रमले गाउँगाउँसम्म सचेतना जगाएको देखिन्छ । किरात राई यायोक्खा किरात राई समुदायमा मात्र सीमित नरही यो मुलुकका सम्पूर्ण आदिवासी जनजाति अधिकारमुखी आन्दोलनको अग्रमोर्चा सम्हाल्ने नेता सङ्गठनको रूपमा स्थापित छ । किरात राई यायोक्खा विशुद्ध जातिय संस्था हो । किरात राई यायोक्खाको पदाधिकारी विभिन्न राजनैतिक दलमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न रहे तापनि किरात राई यायोक्खाले सदैव किरात समुदायका हितका निम्ति एक भएर लडेको पाइन्छ । तसर्थः किरात प्रदेश एकमात्र विकल्प ठानेको देखिन्छ ।

**किरात राईहरूको ऐतिहासिकी**

किरातीहरूले काठमाडौँ उपत्यकामा करिब १७ सय वर्ष शासन चलाएको अनुमान इतिहासकारहरूको छ । त्यहीँ समयबाट नेपालमा मानवसभ्यताको सही सुरुवात भएको मानिन्छ । 'ईसापूर्व ६०० वर्षअघि आधुनिक नेपालको पूर्वी भागलाई किरात देश भन्थे । प्राचीन वैदिक तथा बौद्ध साहित्यमा भारतीय उपमहादीपका प्रमुख मानव जातिका गतिविधिहरूका प्रसँङ्गहरूमा 'किरात' को नाम उल्लेख्य मात्रामा आउँछ । नेपालमा त्यहीँ 'किरात' शब्द स्पष्ट र आधिकारीक ढङ्गबाट हनुमानढोका दरबारको मर्मत् गरेपछि ५७१-६१६ ई.तिर राखिएको शिलापत्रमा 'राजभवन..किरात..' भन्ने वाक्यांश देखा परेको छ । नेपालको सबैभन्दा पुरानो र आधिकारिक वशांवली गोपालराज-वंशावलीअनुसार नेपालको इतिहासको आरम्भ गोपालवंशावलीबाट भएको र त्यसपछि महिषपालवंशीले शासन गरेको मानिन्छ । गोपालराज-वंशावलीका अनुसार महिषपाल वंशीलाई 'पूर्व तिरबाट आएका किराती शासकहरूले हराई शासन गरेका थिए ।' विभिन्न स्रोतहरूका अनुसार नेपालमा २७ देखी ३२ पुस्तासम्म किरातीहरूले शासन गरेको पाइन्छ । किरातीहरूका प्रथम हाङ (प्रमुख) यलम्बर हुन् । यिनले पूर्व दिशावाट आएर महिषपालवंशीहरूलाई युद्धमा हराई शासन सुरु गरे । यिनकै नामबाट पाटन सहरको पुरानो नाम

यल रहन गएको हो ।

बी.एच हड्सन (१८४८) का अनुसार नेपालबाट बेलायत पुऱ्याइएको 'वंशावली' काअनुसार किरातीहरूको अस्तित्व नेपालमा पहिले नै भएको सङ्केत पाइन्छ । उक्त वंशावलीअनुसार किरातीहरूले गोकर्णलाई राजधानी बनाएको छ । सम्वत् १११८ बितेपछि किरातवंशी राजालाई पश्चिमबाट आएका सोम वंशीहरूले जिती शासन गरेको उल्लेख छ । त्यसपछि किरातीहरू फूल्चोकी पर्वतको फेदी गोदावरीमा दरबार बनाई बस्न थाले । तर बावुराम आचार्यका अनुसार किरात कालमा ललितपुर राजधानी रहेको थियो । पाटन मंगलबजार नजिक 'पटको दो' अर्थात् किरात राजा पटुकको दरबारको अवशेषको रूपमा रहेको मानिन्छ । डा.स्वामी प्रपन्नचार्यका अनुसार 'यलम्बरले पूर्वबाट नआई पश्चिमबाट आएर अहिरवंशी राजा भूवनसिंहको राज्य हत्याएको थियो । उनले किरातीहरू पश्चिम कुन ठाउँबाट आए र शासन हत्याए नभने पनि गढ्वाल, कुमाउ र हिमाञ्चल हुन सक्ने सम्भावना देखाएका छन् । जे होस् लामो समयदेखि किरात सभ्यता र संस्कृति हुर्केको नेपालको पूर्वी क्षेत्र किरातहरूको प्राचीन थलोको रूपमा रहेको धेरै इतिहासकार तथा विद्वानहरूको मत रहेको छ । किरात शब्दमा विभिन्न कोणबाट एकमत रहेको पाइन्छ तथापि राई शब्द पृथ्वीनारायण शाहले दिएको पगरी/पद हो भन्ने र पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नु पूर्व राय/राई शब्द उल्लेख गरेको आधारसहित राई जाति हो भन्ने देखिन्छ । तथापि पृथ्वीनारायण शाहले गरेको नेपाल एकीकरण अभियान असफल बनाउने तत्कालीन वल्लो किरात, माझकिरात मा विभिन्न गढीका राजाहरू राईहरू नै भएको पाइन्छ । नेपालको जनगणना २०७८ अनुसार किरात राई जाती जनसङ्ख्याको आधारमा दसौं ठुलो जातिको रूपमा रहेको देखिन्छ । वर्तमान नेपालका दश ठुला जात/जातिको विवरण :

**तालिका १**

*ठुला जातजाती र जनसङ्ख्या*

| क्र.सं. | समुह | जात/जाति | जनसङ्ख्या | प्रतिशत | स्थान |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | जात | ४३९८०५३ | १६.५९% | प्रथम |
| २ | पहाडे बाहुन | जात | ३२२६९०३ | १२.१७% | दोस्रो |
| ३ | मगर | जाति | १८८७७३३ | ७.१२ % | तेस्रो |
| ४ | थारू | जाति | १७३७४७० | ६.५५ % | चौथो |
| ५ | तामाङ | जाति | १५३९८३० | ५.८१% | पाँचौ |
| ६ | नेवार | जाति | १३२१९३३ | ४.९८% | छैटौं |
| ७ | कामी | जात | १२५८५५४ | ४.७५% | सातौं |
| ८ | मुस्लिम | जात | ११६४२५५ | ४.३९% | आठौं |
| ९ | यादव | जात | १०५४४५८ | ३.९६% | नवौं |
| १० | राई | जाति | ६२०००४ | २.३४% | दशौं |

*स्रोत-नेपालको जनगणना, २०७८*

**यायोक्खाद्धारा प्रस्तावित किरात प्रदेश**

खासगरी तत्कालीन नेकपा माओवादीले गरेको शसस्त्र सङ्घर्षको समयबाट विभिन्न

जातजाति, धर्म, लिङ्गको समान पहुच र मुक्तिका लागि गरिएको भनिएको त्यो आन्दोलनले धेरैलाई आन्दोलित बनायो । समाजमा हुने हरेक प्रकारका द्वन्द्वहरूको निश्चित ठाउँमा आएर त्यसको समाधान हुनुपर्दछ । द्वन्द्वले सिर्जना गरेको हरेक विषयवस्तुले समाधानको स्थान नपाउँदा उत्पीडनमा परेका समुदायहरू फेरि आन्दोलित हुने गर्दछ । आन्दोलनको स्वरूप भने फरक पनि हुन सक्छ । नेपालका आदिवासी जनजातिहरू जातीय मुक्तिका लागि पहिचानसहितको सङ्घीय राज्य हुनुपर्ने मागसहित शान्तिपूर्ण आन्दोलनमा होमिएको लामो समय भयो । बिडम्वना जुन राजनैतिक दलको प्रमुख मुद्दा नै परिवर्तन भैसकेको अवस्थामा १ नं. प्रदेशको नाम ०७९ फागुन १७ गते गोत्रिय नाम कोसी नामाकरणसँगै राजनैतिक दलसँगको सबै भ्रम अन्त्य भएको छ । यद्यपि किरात राई यायोक्खा आफ्नो मुद्दा स्थापित गराउन एकल र सामूहिक रूपमा नो कोसी वा अझ भनौँ प्रदेशको पुनः नामाकरण हुनुपर्दछ भनेर सडकमा आन्दोलित छ ।

तत्कालीन समयमा किरात राई यायोक्खाले प्रस्ताव गरेको किरात स्वायत्त राज्यभित्र विभिन्न क्षेत्रहरू प्रस्तावित गरेको थियो । ती क्षेत्रहरू जातीय सघनता, इतिहासको निरन्तरता, भौगोलिक अनुकूलता, आर्थिक तथा प्राकृतिक स्रोतसाधनहरूको सम्भावना र सम्बन्धित ठाउँको जनताको निर्णयको आधारमा निर्माण गर्दा व्यवहारिक रहने  किरात स्वायत्त राज्यमा अहिलेका १४ जिल्लाका गाविसहरू जोडिएको थिए । स्मरण गर्ने कुरा अहिले नेपालको पुनःसंरचना गरिएको प्रदेश नं.१ र किरात राई यायोक्खाले प्रस्ताव गरेको भूगोल करीब एउटै देखिन्छ ।

## छलफल र विमर्श

२०४६ सालको जनआन्दोलनले बहुदलीय व्यावस्था पुनः स्थापना गऱ्यो । खासगरी नेपालको राजनैतिक परिवर्तनसँगै सामाजिक स्वरूपमा समेत परिवर्तन आयो । लगत्तै आदिवासीसम्बन्धी सामाजिक संस्थाहरूले सन् १९९१ मा जनजाति महासंघ खडा गरे । सुरूका पहिलो १० वर्षमा हकअधिकारको आन्दोलनमा केन्द्रित भएको थियो । यसैबिचमा तत्कालीन नेकपा माओवादीको शसस्त्र सङ्घर्ष सुरु भयो । माओवादीले सशस्त्र चालक शक्तिका रूपमा जातीय अन्तर्विरोधलाई पनि एउटा मानेको थियो । नेपाली समाजमा वर्गीय, जातीय, क्षेत्रिय र लिङ्गीय चारवटा अर्न्तविरोध रहेको विश्लेषण गरेको थियो । यहीँ समयबाट कहिँ न कहिँ नेपाली राजनीतिमा नयाँ आयम सुरु भएको मानिन्छ । यससँगै जनजाति तथा बुद्धिजीवीहरूका बिचमा पहिचानका सवालमा बहस सुरु भयो । संभवतः आदिवासी जनजाति समुदायको संस्थाहरूमध्ये सबैभन्दा पहिले नेपालको सङ्घीयताका सम्बन्धमा औपचारिक अभ्यास नेवारहरूको सङ्गठन नेवाः देय् दबूद्वारा गरिएको थियो । सन् २००२ मा नेपालका सबै आदिवासी जनजाति संघ संस्थाका आधिकारिक प्रतिनिधिहरूको सहभागितामा दुईदिने कार्यशाला गोष्ठीको आयोजना भएको थियो । यसरी नै अन्य आदिवासी जनजाति संस्थाहरू र आदिवासी जनजाति महासंघले पनि सङ्घीयताको विषयमा छलफल सुरु गरेको देखिन्छ । यसलाई अझ सक्रिय हुनमा तत्कालीन नेकपा माओवादीको सशस्त्र सङ्घर्षले आदिवासी जनजाति, दलित, महिलाको विषयले प्रधानता पाएको थियो र कालान्तरमा यो विषय नै राष्ट्रिय राजनीतिमा सबैभन्दा बहसको विषय बन्न पुग्यो । राजनैतिक दलको सत्ता लेनदेनसँग पनि जोडिएरको परिणामस्वरूप पहिलो संविधान सभा विघटनको एउटा कारकसमेत बन्न पुगेको विश्लेषण गरिन्छ ।

आदिवासी जनजाति सङ्गठन निमार्ण हुनुमा राज्यको विभेदकारी नीति नै प्रमुख देखिन्छ । यो राज्यको विभेदकारी नीति र व्यवहारको विरूद्ध राज्यमा विभिन्न खाले आन्दोलन भए । त्यसै समयबाट विभिन्न आदिवासी जनजाति सङ्गठित हुँदै गए र आदिवासी जनजाति आन्दोलनले निरन्तरता पाइरहेको छ । आदिवासी जनजाति आन्दोलनको सशक्त र अगुवा संस्थाको रूपमा किरात राई यायोक्खा रहेको छ । सबैजसो जातिय संघ/संस्थाहरूले पहिचानसहितको सङ्घीय राज्यको अवधारणा लिएर आन्दोलमा होमिएको थियो । पृथ्वीनारायण शाह (गोरखा) ले राज्यहरूको एकीकरण सँगै तत्कालीन समाजको सभ्यता, भाषा, संस्कृति, र धर्मलाईसमेत बलपूर्वक एकीकरण गरेका थिए । भनिन्छ गोरखाली सैनिकहरूलाई किरातीहरूमाथि विजय प्राप्त गर्नको लागि सात वर्षसम्म लागेको थियो । राज्यको एकीकरण पछाडि गोरखालीहरूले सम्पूर्णताको नाममा धार्मिक एकीकरण गर्ने प्रयासमा हिन्दुधर्म ग्रन्थको आधारमा ऐननियमको निर्माण गरी लागु गरे । जसले गर्दा थुप्रै-समुदायले गाईको मासु खाने चलन, खासगरी पितृलाई गाईको टाउकोबाट पूजा गर्नुपर्ने सामूहिक चलन/प्रथा माथि रोक लगाइयो । राज्यले गाईलाई राष्ट्रिय जनवार माने । मुलुक गणतन्त्र दिवस मनाइरहेको सन्दर्भमा गाई अहिले पनि राष्ट्रिय जनवारको रूपमा कायमै छ । यो त केवल एउटा उदाहरण मात्र हो ।

नेपालको इतिहासमा राजा ज्ञानेन्द्रले लिएको माघ १९को शाही कदम, त्यहीँ कदमको विरूद्धमा उर्लेको ०६२/६३ को ऐतिहासिक जनआन्दोलनमा-जातीय-क्षेत्रिय स्वतन्त्रता र स्वशासनको नारा चर्को रूपमा घन्किन थाल्यो । मुलुक गणतन्त्र घोषणा भएकै साल २०६३ पौष ८, ९ र १० गते झापाको दमकमा सम्पन्न किरात राई यायोक्खाको छैठौँ राष्ट्रिय महाधिवेशनले सम्पूर्ण किरात राईहरूको स्वशासन कायम गर्न किरात स्वायत्त राज्यको ऐतिहासिक प्रस्तावलाई सर्वसम्मत पारित गरी दमक घोषणापत्र जारी गरेको थियो । उक्त सम्मेलनबाट किरात राई यायोक्खा विधिवत रूपमा सङ्घीय राज्यमा किरात स्वायत्त राज्य निर्माण गर्ने भनी राजनैतिक विषयमा प्रवेश गरेको थियो र यो अभियानले अझै निरन्तरता पाइरहेको छ । किरात राई यायोक्खाको छैटौँ राष्ट्रिय सम्मेलनले पारित गरेको दमक घोषणा पत्र-२०६३ (आवश्यक राजनैतिक मुद्दालाई मात्र समावेश)

१. 'लोकतान्त्रिक गणतन्त्र : राजनीतिक व्यवस्था अन्तर्गत जातीय, क्षेत्रिय आधारमा आत्मनिर्णयसहितको स्वायत्त राज्यहरू स्थापना गरिनु पर्दछ ।

२. 'किरात राज्य' जातीय बसोबासको सघनता, भाषाहरूको प्रयोगको अवस्था, धार्मिक, सांस्कृतिक समानता, ऐतिहासिक र भौगोलिक अवस्थितिलाई दृष्टिगत गरी नेपालको पूर्वी भूभागलाई किरात राज्य घोषणा गरिनुपर्दछ ।

३. किरात भूमिमा रहेको विश्वको सर्वोच्च शिखर सगरमाथाको नाम 'चोमोलोङमा' भएकाले यसै नामलाई आधिकारिक मान्यता दिन नेपाल सरकारसित माग गर्दछ । साथै आदिवासी जनजातिहरूको भाषाबाट राखिएको विभिन्न ठाउको नामहरू (स्थाननाम) परिवर्तन भएकामा पुरानै ऐतिहासिक नाम कायम गरियोस् ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र भैसकेको र सङ्घीयताको मूलमर्म भनेकै पहिचानमा आधारित अधिकार सम्पन्न प्रदेश निर्माणको सम्बोधन नै असन्तुष्टि र द्वन्द्ध समाधानको प्रमुख कडी

भएकाले गर्दा किरात राई यायोक्खाले हालको १ नं. प्रदेशको नाम त्यहाँका बहुसांस्कृतिक, बहुजाति, बहुभाषिक विविधतालाई समेटेर र नेपालकै सर्ब प्राचीन सभ्यता तथा गर्बिलो इतिहास किरात पहिचानलाई सम्मान गर्ने गरी किरात नाम नै उपयुक्त भन्ने ठहर गर्दै अभियान र आन्दोलन गर्दै आएको छ । किरात शब्द खासमा बहुपहिचान शब्द हो । किरात कुनै एक जातिको वा राई जातिको मात्र पहिचान नभएकाले हाललाई किरात प्रदेश नामाकरण गरी आवश्कताको आधारमा बिस्तारै प्रदेशहरू आठौँ, नवौँ, दशौँ..... बनाउँदै क्रमशः खम्बुवान, लिम्बुवान, कोचिला, शेर्पालुङ जस्ता एकल पहिचानका प्रदेशहरू नामाकरण गर्दै जानु नै सबैभन्दा उपयुक्त समाधान हुने छ । राज्यले डकैती शैलीमा कोसी नामकरण गरेकोप्रति किरायाको बिमति र आन्दोलन अहिले पनि चलिरहेको छ[२] । संवैधानिक रूपबाट नामाकरण भए पनि संवैधानिक रूपबाट दुईतिहाइ पुऱ्याएर नामाकरण गर्ने बाटो एउटा र अर्को बाटो भनेको आन्दोलन हो । आन्दोलनको चरणहरूमध्ये नारा तय हुन्छ, समुदायमा जागरण हुन्छ र कार्यान्वयन तहमा पुगिन्छ त्यसैले हामी कार्यान्वयन तहमा छौँ तसर्थ आन्दोलन निरन्तर रूपमा हुन्छ[३] ।

## निष्कर्ष

नेपालको सर्न्दभमा राईहरू भनेको किरात वंशका किरात धर्मिक, एउटा ठुलो जातीय समुदाय हो । यो जाती (राई) लगभग हजारौँ वर्षदेखि नेपालको आदिवासी जनजाती हो । तसर्थः यसको आफनै ऐतिहासिक भूमि छ । अहिले किरात स्वीकार गरिएका मुख्य शाखाहरू राई, याक्खा, सुनुवार र लिम्बू हुन् तर अहिले १० किरात भनेर थामी, सुरेल, जिरेल, हायु, धिमाल, मेचे । नेपालको ०७८ को जनगणनाअनुसार १४२ प्रकारका जातजातिहरू छन् भने १२४ भाषाहरू बोलिन्छन् । त्यसमध्ये पनि २८ थरीका राई भाषीहरू नै छन् । २०७८ को जनगणनाअनुसार कुल जनसङ्ख्याको २.२ प्रतिशत अर्थात् ६४०६७४ किरात राईहरू रहेको छ किरात राईहरूको बसोबास मूल रूपमा सुनकोसी पूर्व खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, भोजपुर, सङ्खुवासभा, धनकुटा, सुनसरी, मोरङ, झापा, इलाम रहे तापनि तेह्रथुम, पाचथर, ताप्लेजुङमा पनि किरात राईहरूको बसोबास रहेको छ । किरात राई यायोक्खा विशुद्ध जातीय सामाजिक संस्था हो । जातीय सामाजिक संस्थाको आफ्नै दायरा हुन्छ । खासगरी २०६२/६३ को जनआन्दोलन पछि प्रायःजसो सबै जातीय सामाजिक संस्थाहरूले पहिचानसहितको स्वायत्त राज्यको परिकल्पना गर्दै राजनैतिक छलफल सुरु गरेको थियो । भौगोलिक रूपमा दलहरू खडा हुने क्रम थियो । त्यसै गरी माझकिरातमा खम्बुवानको नामबाट केही दलहरू खडा भयो । त्यसको ठिक विपरित कतिपय जातीय संस्थाको राजनैतिक दल खडा भएपनि प्रभावकारी भूमिका नरहेको अवस्थामा जातीय संस्थाले राजनैतिक बहसमा होमिएको देखिन्छ । तथापि के चाहिँ हो भने जातीय संस्थाले राजनैतिक मुद्दा स्थापित गराए पनि लाभ लिने चाहिँ राजनैतिक दल नै हुन्छ । यति हुँदाहुँदै पनि राजनैतिक दलहरू पहिचानको आन्दोलनबाट टाढिएपछि सामाजिक संस्थाहरूले आन्दोलनमा होमिनुपरेको छ । आफ्नो मौलिक भाषा, धर्म, संस्कार संस्कृति

---

२ जिवन हाताचो राई (किरात राई यायोक्खाको अध्यक्ष)सँगको कुराकानीमा आधारित ।

३ चन्द्रविक्रम राई (किरात राइ यायोक्खाको पूर्व उपाध्यक्ष एवं सल्लाहकार)सँगको कुराकानीमा आधारित । किरात राई यायोक्खाको दमकमा भएको छैटौं महाधिवेशनबाट किरात प्रदेशको मागसहित विधिवत् रूपमा राजनैतिक मुद्दामा किरात राई यायोक्खा प्रवेश भएको थियो ।

र राजनीतिक थिचोमिचोबाट सम्पूर्ण किरात राई जातिहरूको सांस्कृतिक, सामाजिक, राजनीतिक, शैक्षिक र प्रशासनीक पहुँच स्थापित गर्न आवश्यक भएकाले किरात राई यायोक्खाले राजनीतिक मुद्दा उठाउन जरूरी छ । प्रदेश १ को पुनः नामाकरणको मुद्दा कति समयसम्म जाने हो भन्न सकिन्न तर आन्दोलन भने निरन्तर गर्नुपर्ने छ ।

## सन्दर्भ सामग्रीसूची


किराती, गोपाल (२०१२). नेपालमा सङ्घीयताः सर्वहारा क्रान्ति र जातीय सवाल किरात गणराज्य सरकार निमार्ण गरौं !. किराती राष्ट्रिय मुक्तिमोर्चा ।

गुरूङ, ओम (२०६७). *नेपालमा आदिवासी जनजाति आन्दोलक आदिवासी जनजाति.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

गुरूङ, हर्क (२००४). राष्ट्रियता र जनजाति. मेरी डेसेन र प्रत्युष वन्त (सं.), *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन.* सोसल साइन्स वहाः ।

चाम्लिङ, भोगीराज (२०६४), जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार जातीय सहअस्तित्व, सम्मान र मुक्तिका लागि किरात स्वायत्त राज्य. किरात राई यायोक्खा ७औं राष्ट्रिय सम्मेलन आयोजक समिति (२०६६ कार्तिक २१,२ २ र २३, धरान) ।

थापामगर, रामबहादुर (२०७१). *जनयुद्धमा आदिवासी जनजाति सगर सहभागिताका कारण र परिणाम.*

थुलुङ, नारदमुनि, (२०४५). *बिर्सेका अनुहारहरू बिर्सन नसकिएका घटनाहरू.* नारदमुनी थुलुङ स्मृति परिषद ।

न्यौपाने, गोविन्द (२०००). *नेपालको जातिय प्रश्न.* सेन्टर फर डेभलपमेन्ट स्टडिज ।

पाठक, युग (२०७२). सविधानसभाभित्र जन्मिन लागेको असफलता. *निप्सुङ (३५)* ।

पोखरेल, गिरिराजमणि (२०७१). *पहिचान र अधिकारमा आधारित सङ्घीयता किन ?*

भट्टचन, कृष्ण (२०६७), विश्वको आदिवासी आन्दोलनको सङ्क्षिप्त इतिहास र सिक्न सक्ने पाठ. *आदिवासी जनजाति, (३)* ।

भट्टचन, कृष्ण र प्याकुरेल, कैलाश (सन् १९९५). *नेपालको राष्ट्रिय समष्टीकरणमा जनजातीय दृष्टिकोण* ।

भट्टचन, कृष्ण (मार्च २००५). *आदिवासी जनजातिका सवालमा कानुनी सचेतना, नेतृत्व निकाय र जन वकालत.* नेपाल आदिवासी जनजाति महासंघ जनजाति सशक्तीकरण परियोजना ।

माथ्यु, काहाने (नेपालका लागी संयुक्त राष्ट्रसङ्घीय आदिवासीको संयोजक). *आदिवासीहरू राजनीतिक शक्तिबाट बाहिरिँदै आएका छन्.* विश्व आदिवासी दिवस, २००४ ।

माबुहाङ, अर्जुनबाबु र तुङ्गक, भरत (२०७०). *हज्सन पाण्डुलिपिमा गोर्खा-खम्बुवान्-लिम्बुवान् युद्ध.* विश्व याक्थुङ मुन्दुम समाज ।

याक्खाराई, दुर्गाहाङ (२०५३). *ब्राह्मणवादविरूद्ध जनजाति, उत्पीडित वर्ग.* अनुप अफसेट प्रेस ।

राई इन्द्रकुमार (२०६१). गोर्खालीहरूको विजयपछि किरातहरूको अवस्था. *निप्सुङ, ११(२०)* ।

राई, तारामणि र चाम्लिङ, भोगीराज (२०७४). *किरात स्थाननाम ऐतिहासिक भाषिक अध्ययन.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।
राई, राजबहादुर (२०६१). किरात राई यायोक्खा अतितदेखि वर्तमानसम्म. *निप्सुङ, ११(२०)* ।
राई, चण्डीराज (२०००). *नेपालको राजनीतिमा जनजाति.* चिन्डो बुक्स ।
राई, रामचन्द्र (२०६४). *प्राचीन किरातहरूले छाडेका सम्पदा* ।
लावती, महेन्द्र (२०६८). *देश टुक्रिन नदिन आत्मनिर्णयको अधिकार : द एथ्निक भ्वाइस साङ्गठनिक प्रतिवेदन.* किरात राई यायोक्खा सातौँ राष्ट्रिय सम्मेलन (२०६६ कार्तिक २१, २२ र २३, धरान) ।
सुन्दर, मल्ल के (सन् २०१२). *संघीय नेपाल.* नेवाः देय दबू । ६३